प्रदेश लोकसेवा आयोग

लुम्बिनी प्रदेश बुटवल

(लिखित परीक्षा सञ्चालन तथा नतिजा प्रकाशन शाखा)

सूचना नं :९५ /०८३-०८४ **मितिः २०८३।०७।१९**

परीक्षा केन्द्र तोकिएको सूचना।

आयोगको मिति २०८३/०२/२९ मा प्रकाशित स्वीकृत नामावली तथा पूर्व प्रकाशित परीक्षा समय तालिका बमोजिमको मिति २०८३।०८।१० देखि मिति २०८३।०८।१३ गतेसम्म सञ्चालन हुने प्रदेश निजामती सेवा अन्तर्गत प्रदेश/स्थानीय प्रशासन सेवा, सा.प्र./लेखा/आ.ले.प. समूह, अधिकृतस्तर सातौं तह (अप्राविधिक), **शाखा अधिकृत/प्रशासकीय अधिकृत/लेखा अधिकृत/आन्तरिक लेखा परिक्षण अधिकृत** पदको अन्तर तह तर्फको प्रथम, द्वितीय र तृतीय पत्रका परीक्षा तपसिल बमोजिमको परीक्षा केन्द्रमा सञ्चालन हुने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

तपसिल:

क्र.सं.	विज्ञापन नं.	परीक्षा केन्द्रको नाम र ठेगाना	रोल नम्बर		प्रथम पत्रको परीक्षा मिति र समय	द्वितीय पत्रको परीक्षा मिति र समय	तृतीय पत्रको परीक्षा मिति र समय
			देखि	सम्म			
१	५०००४/ ०८२-८३ (अन्तर तह)	श्री बुटवल कालिका क्याम्पस, रामनगर, बुटवल	१	सबै	२०८३।०८।११ दिउँसो २:३० बजे	२०८३।०८।१२ दिउँसो २:३० बजे	२०८३।०८।१३ दिउँसो २:३० बजे

द्रष्टव्य:

१. परीक्षा दिन आउँदा अनिवार्य रुपमा प्रवेशपत्र ल्याउनुपर्नेछ। प्रवेशपत्र बिना परीक्षामा सम्मिलित गराइने छैन। परीक्षार्थीले प्रवेशपत्रका साथै नेपाली नागरिकताको प्रमाण पत्र वा राष्ट्रिय परिचय पत्र वा आफ्नो तस्वीर भएको सरकारी निकायबाट जारी भएको अन्य कुनै प्रमाण पत्र समेत अनिवार्य रुपमा साथमा लिई परीक्षा सञ्चालन हुनुभन्दा कम्तीमा १ घण्टा अगावै परीक्षा भवनमा आइपुग्नु पर्नेछ।

२. कुनै कारणवश प्रवेशपत्र छुटेमा परीक्षा शुरु हुनुभन्दा १ घण्टा अगाडि नै परीक्षा केन्द्रमा गई प्रतिलिपिको लागि केन्द्राध्यक्ष समक्ष निवेदन दिनुपर्नेछ।

३. परीक्षार्थीहरु परीक्षा शुरु हुने समयभन्दा आधा घण्टा अगाडि परीक्षा केन्द्रमा प्रवेश गरिसक्नुपर्नेछ।

(महेन्द्र भण्डारी)
बरिष्ठ अधिकृत (कम्प्युटर)

(गंगाधर पाण्डेय)
बरिष्ठ शाखा अधिकृत

(गोविन्द प्रसाद पाण्डे)
उपसचिव